मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

पत्र सख्या : ०८३/०८४

सूचना ! सूचना !! सूचना !!!

सूचना नं. २२/२०८३-८४

अनुदानमा प्रङ्गारिक मल वितरण कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८३।०७।१९

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ. व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **अनुदानमा प्रङ्गारिक मल वितरण कार्यक्रम (८५ प्रतिशत अनुदान)** संचालन गर्न यस जिल्ला भित्रका इच्छुक कृषक/कृषि सहकारी/कृषक समूह/ फार्म/ कृषि उद्यमिले प्रथम पटक सूचना प्रकाशित मितिले २१ दिन भित्र माग गरिएका आवश्यक कागजातहरु सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु:

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा सम्पुर्ण विवरण स्पष्ट रुपमा भरिएको प्रस्तावना फारम ।
२. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. जग्गाको लालपुर्जाको फोटोकपी तथा जग्गा धनी प्रमाणपत्रको आ. व. २०८२/८३ को मालपोत तिरेको रसिदको प्रतिलिपी ।
४. समूह वा संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै समूह वा संस्थाको हकमा नविकरण भएको प्रमाणपत्र वा कम्पनिको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।
५. समुह वा संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपी, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।
६. समूह वा संस्थाको हकमा निर्णयको प्रमाणित प्रतिलिपि ।
७. अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो १ प्रति ।
८. सम्बन्धित वडा कार्यालय वा स्थानिय तह कृषि विकास शाखाको सिफारिस।

अनुदानका शर्तहरु:

- कृषक/ कृषक समूह/ कृषि सहकारी/ संस्था/ कृषि फर्म वा कृषि उद्यमीले अधिकतम ७५ के.जी प्रती कट्ठाको दरले प्रयोग गर्ने गरी प्राङ्गारिक मलमा सहुलियत ।
- कृषकको हकमा अधिकतम २.२५ मेट्रिक टन र समुह/सहकारीको हकमा ५० मेट्रिक टन सम्म मात्र अनुदान दिन सकिने छ।
- यस कार्यक्रमको स्वीकृत बजेटको परिधी भित्र रहि कार्यक्रम संचालन गरिने छ ।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन, थप/घट भएमा सोहि अनुसार हुनेछ ।
- रित नपुगेका, म्याद नाघी प्राप्त भएका, झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बखत आवेदन रद्ध हुनेछ ।
- यो कार्यक्रम अनुदानमा प्राङ्गारिक मल वितरण कार्याक्रम (८५% अनुदान)को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि,२०८३ र
- कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६, (पहिलो संशोधन) २०७७ मा व्यवस्था भए बमोजिम हुनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने/नगर्ने लगायत यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

नोटः विस्तृत जानकारीको लागि, कार्यक्रम संचालन सम्बन्धी विस्तृत सूचना, कृषि ज्ञान केन्द्र सर्लाही, बाली विकास अधिकृत श्री कविन्द्र सिंह ठगुन्ना (९७०२६२६४८९), कृषि अर्थ विज्ञ श्री ममता साह (९७६८६२५२३७) प्राविधिक सहायक श्री नवीन कुमार अधिकारी (९८४८२९११२७) लाई सम्पर्क गर्न सकिने छ । साथै यस कार्यालयको फेसबुक पेज र वेवसाइट https://sarlahi.akc.gov.np मा हेर्न सकिनेछ ।

कमलदेव प्रसाद कुशवाहा
प्रमुख (दशौं तह)